# मिति २०७९/०२/१९ गते बसेको प्रतापपुर गाउँपालिकाको प्रथम कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

प्रतापपुर गाउँपालिका गाँउ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.) लुम्बिनी प्रदेश (नेपाल)

यस प्रतापपुर गाउँपालिकाको स्थापना पश्चात पहिलो निर्वाचित अध्यक्ष स्व. राजकुमार शर्मा र ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन सम्मान व्यक्त गर्दै निर्वतमान का.बा. अध्यक्ष श्री अन्जु कुमारी चौधरीको नेतृत्वको सम्पूर्ण पूर्व जनप्रतिनिधिहरुलाई हार्दिक धन्यवाद र हाल निर्वाचित अध्यक्ष श्री उमेशचन्द्र यादव र उपाध्यक्ष तथा न्यायिक समिति संयोजक मान कुमारी चौधरीको नेतृत्वको नव निर्वाचित सम्पूर्ण जनप्रतिनिधिहरुलाई हार्दिक बधाई तथा सफल कार्यकालको शुभकामना र मतदान गर्ने सम्पूर्ण जनताहरुलाई हार्दिक धन्यवाद सहित निर्वाचनका क्रममा हामीहरुले व्यक्त गरेका प्रतिवद्धताहरु क्रमशः कार्यावन्वयन गर्ने सामुहिक प्रतिवद्धता जाहेर गर्दछौं ।

**प्रस्तावहरु :-**

१. प्रशासकीय भवन निर्माण प्रारम्भ गर्ने ।
२. सम्पूर्ण कृषि माटो परिक्षणका लागि **"माटो परिक्षण प्रयोगशाला"** (ल्याब) स्थापना गर्ने ।
३. वास्तविक कृषकहरुलाई कृषक परिचयपत्र (कृषक कार्ड ) वितरण गर्ने ।
४. छात्रा साइकल वितरण कार्यक्रम ।
५. प्रतापपुर स्वास्थ्य चौकीमा स्वास्थ्य प्रयोगशाला स्थापना ।
६. नीति तथा कार्यक्रम प्रस्ताव तयारी।
७. बजेट तथा कार्यक्रम प्रस्ताव तयारी।
८. विभिन्न समितिहरु निर्माण प्रस्ताव ।
९. विविध ।

**निर्णयहरू:-**

यस प्रतापपुर गाउँ कार्यालयपालिकाको बैठकमा माथी पेश भएका प्रस्तावहरूमा क्रमशः व्यापक छलफल गरी कार्यान्वयनका लागि देहाय बमोजिमको निर्णय गरियो ।

१. यस प्रतापपुर गाउँपालिकाको सुबिधा सम्पन्न **प्रशासकीय भवन प्रतापपुर** गाउँपालिकाको वडा नं. ९ स्थित बेलाटारीमा पहिला DPR तथा माटो परिक्षण भएको स्थानमा २०७९ श्रावण महिना भित्र प्रारम्भ गर्ने ।

२. यस प्रतापपुर गाउँपालिकामा कृषकहरुले उपयुक्त बाली छनौटको लागि **"माटो परिक्षण प्रयोगशाला"** स्थापना गरी कृषि उत्पादनलाई वृद्धि गर्ने र सो माटो परिक्षणबाट देखिएको रिपोर्ट अनुसार किसानलाई कृषि कार्य गर्न सिफारिस गर्ने र सो सिफारिस अनुसार किसानले मल विउ व्यवस्थापन गर्न नसकेमा गाउँपालिकाले व्यवस्थापन गर्ने तथा यसको लागि माटो परिक्षण प्रयोगशाला संचालन तथा उपकरण व्यबस्थापन (प्राविधिक/जनशक्ति) सम्बन्धि कार्यविधि निर्माण गरी नियमन गर्ने ।

३.यस प्रतापपुर गाउँपालिकामा वास्तविक किसानहरुलाई देहाय अनुसार कृषक परिचयपत्र (कृषक कार्ड) वितरण गर्ने ।

३.१ सो परिचयपत्र कृषि गरेको भूमिको जम्मा क्षेत्रफल र परिवारको विवरण लगायतका बिबरण प्रविष्ट गर्नें ।

३.२ सो परिचयपत्र अनुसार किसानहरूलाई राहत, सहुलियत, सेवासुविधा, अनुदान तथा कृषियन्त्र उपलब्ध गराउदै जाने र सो को विवरण परिचयपत्रमा उल्लेख गर्ने तथा कार्यालयमा अभिलेख समेत राख्रे ।

३.३ कृषक परिचयपत्र सम्बन्धि अन्य व्यवस्था कृषक परिचयपत्र सम्बन्धि कार्यविधि बनाई लागु गर्ने ।

४. यस प्रतापपुर गाउँपालिकाका शैक्षिक संस्थाहरूमा अध्ययान गरी शैक्षिक सत्र २०७८ मा उत्तीर्ण भई स्नातक तहको प्रथम वर्षमा अध्ययनरत सम्पूर्ण छात्राहरुलाई सम्मान स्वरूप गाउँपालिकाबाट साइकल वितरण गर्ने ।

५.यस प्रतापपुर गाउँपालिकाका जनताहरु सामान्य स्वास्थ्य परिक्षणबाट समेत बन्चित रहेकाले सो समस्या समधान गर्न यस प्रतापपुर गाउपालिकाको वडा नं.९ स्थित प्रतापपुर स्वास्थ्य चौकीमा सुबिधायुक्त स्वास्थ्य प्रयोगशाला स्थापना गरी संचालन गर्ने ।

६. यस प्रतापपुर गाउँपालिकाको आ.ब. ०७९/८० को नीति तथा कार्यक्रम तयारीको लागि देहायको नीति तथा कार्यक्रम तयारी समिति गठन गर्ने ।

१. अध्यक्षः-श्री उमेशचन्द्र यादव

२. उपाध्यक्षः-श्री मान कुमारी चौधरी

३. प्रमुख प्रशासकीय अधिकृतः-चिरन्जिवी घिमिरे

४. बिज्ञ :- ....................

५. सदस्य सचिवः- विजय कुमार पाण्डे

७. यस प्रतापपुर गाउँपालिकाको आ.ब. ०७९।८० को बजेट तथा कार्यक्रम निर्माण र तयारीको लागि देहायको तयारी समिति निर्माण गर्ने ।

१. अध्यक्षः-श्री उमेशचन्द्र यादव

२. उपाध्यक्षः-श्री मान कुमारी चौधरी

३. प्रमुख प्रशासकीय अधिकृतः-चिरन्जिवी घिमिरे

४. लेखा अधिकृत :-दिनानाथ ढकाल

५. इन्जिनियर :-आनन्द यादव

६. बिषयगत शाखाका शाखा प्रमुखहरु

७. सदस्य सचिवः- विजय कुमार पाण्डे

८. स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ४६ बमोजिम यस गाउँपालिकाका उपाध्यक्ष श्री मान कुमारी चौधरी ज्यूको सम्योजकत्वमा गाउँसभाका सदस्यहरु किशोर गौतम दमै वडा नं. १ वडा सदस्य र श्री अवधेश यादव वडा नं. ६ वडा सदस्य सहितको न्यायिक समिति निर्माण गरी सो न्यायिक समिति मार्फत यस गाउँपालिकाको न्यायिक कार्य सम्पादन गर्ने ।

९.यस प्रतापपुर गाउँपालिकामा गाउँपालिकाले आफ्ना काम कारवाहीलाई व्यवस्थित गर्न अन्य बिभिन्न विषयगत समिति बनाउन पर्ने हुँदा स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा १४ बमोजिम प्रक्रिया अगाडी बढाउने ।

१०. गाउँ कार्यपालिकाको बैठकमा गाउँपालिकाले पेश गरेका प्रस्तावहरु उपर छलफल गरिनेछ तर सार्वजनिक महत्वको विषयमा अध्यक्षको अनुमतिबाट कुनै पनि कार्यपालिका सदस्यले तत्काल मौखिक रुपमा प्रस्तावहरु पेश गर्न सक्नेछ ,अन्य अवस्थामा बैठक हुनु भन्दा २४ घण्टा अगाडी कुनै पनि कार्यपालिकाका सदस्य वा सम्बन्धित शाखा प्रमुख वा विषयगत समिति वा शाखाले निर्णयको व्यहोरा, श्रोत साधन र समस्या समाधान सहितको प्रस्ताव लिखित रुपमा गाउँपालिकामा पेश गर्ने अन्यथा अन्य प्रस्तावहरुमा कार्यपालिकामा छलफल तथा निर्णय नगरिने ।